# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७९/८०

## रोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, काभ्रेपलाञ्चोक

**आर्थिक वर्ष ०७९/८० को आय व्यय विवरण**

| | विवरण | |
|---|---|---|
| | हालसम्मको कुल आय | ७८,३९,५०,४१० |
| | हालसम्मको कुल व्यय | ७१,६५,९५,५२५ |
| | जम्मा खर्च प्रतिशत | ८४.४९ |
| | कुल चालु खर्च | ४३,८४,०८,३७८ |
| | कुल पूँजीगत खर्च | २७,८१,८७,१४७ |
| | | |

**आन्तरिक आय विवरण (रकम रु. हजारमा)**

| क्रं सं. | विवरण | आय रकम |
|---|---|---|
| १ | आन्तरिक श्रोत | १०,९३,१५,०३६.८१ |
| २ | राजश्व बाँडफाँड | १३,४६,७६,३७३.७८ |

**वित्तिय हस्तान्तरण तर्फ(रकम रु. हजारमा)**

| क्रं सं. | विवरण | आय रकम |
|---|---|---|
| १ | वित्तिय समानिकरण | ११,८२,८३,००० |
| २ | ससर्त अनुदान | ३४,७२,७६,००० |
| ३ | समपुरक अनुदान | ३,६९,००,००० |
| ४ | विशेष अनुदान | ३,७५,००,००० |

**आ.व. ०७९/०८० को क्षेत्रगत बजेट तथा खर्च विवरण**

| क्रं.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च | प्रगति (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२९५५००० | ३२४१९६१८ | ७५.४७ |
| २ | सामाजिक विकास | ४१३२६६८०१ | ३६२१९०३५४ | ७०.९१ |
| ३ | पूर्वाधार विकास | २३४९९८५७४ | १९८१४७००८ | ८४.३२ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | १२९२७०७३ | १२४५५१२९ | ८६.२५ |
| ५ | संस्थागत विकास सुशासन | १४४०७३५५२ | १११३८३४१४ | ७७.३१ |

**आ.ब २०७८।०७९ र चालु आ. व. को भौतिक प्रगति विवरण**

| क्रसं. | आयोजना विवरण | | आ.व.२०७९/०८० को जेठ मसान्तसम्म | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धी |
| १ | सडक तर्फ | कालोपत्रे सडक | ३ कि. मि | १.०५५ कि. मि |
| | | नयाँ ट्र्याक | ५० कि.मि | ४८.०४७ कि.मि |
| | | सडक ढलान | २ कि.मि. | १ कि.मि. |
| | | सडक ग्रावेल | ३ कि.मि | २.७७ कि.मि |
| | | सडक मर्मत तथा स्तरोन्नती | ४ कि.मि | ३७.८८७ कि.मि |
| | | सडक सोलिङ | ३ कि.मि | २.६६ कि.मि |
| | | पक्की नाली | ३ कि.मि | ४.६७ कि. मि |
| | | कच्ची नाली | २ कि.मि | २.०३ कि.मि |
| २ | भवन तर्फ | सरकारी भवन | २ वटा | १ वटा |
| | | सामुदायिक भवन | ३ वटा | १ वटा |
| ३ | खानेपानी तर्फ | नयाँ ट्यांकी निर्माण | १० वटा | ७ वटा |
| | | धारा संख्या | २५० वटा | २४२ वटा |
| | | आधारभुत खानेपानी पुगेको घरधुरी | | ९०० घरधुरी |
| | | खानेपानी मर्मत | वटा | २२ वटा |
| ४ | सिंचाई तर्फ | | १.५ कि.मि | १.२७ कि.मि |
| ५ | मन्दिर, गुम्बा तर्फ | मन्दिर | १५ वटा | १६ वटा |
| | | गुम्बा | ७ वटा | ७ वटा |
| | | पाटी पौवा, चिहान, घाट | १२ वटा | ११ वटा |
| ६ | सार्वजनिक शौचालय | | ५ वटा | ४ वटा |
| ७ | पक्की पुल | | ०वटा | ० वटा |
| ८ | कच्ची पुल | | ० वटा | ० वटा |
| ९ | झोलुङ्गे पुल | | ० वटा | ० वटा |

**प्रशासनिक भवन तथा सवारी साधन तर्फ**

| विवरण | आफ्नै | भाडा | अन्य |
|---|---|---|---|
| भवन/वडा कार्यालय | ३, ९, १०,१२ | १,२,४,५,६,७,८,११ | |
| ईन्टरनेट | सबै वडा कार्यालय, सम्पूर्ण स्वास्थ्य संस्था र सबै माध्यमिक विद्यालय | | |
| सवारी सधान | | | |
| दुई पाङ्ग्रे | ५१ | सव – वाहन | ० |

| | | | |
|---|---|---|---|
| चार पाङ्ग्रे | २ वटा | एम्वुलेन्स | ४ वटा |
| दमकल | ० | | |

## बेरुजु विवरण

आ.व. २०७८/७९ को बेरुजु विवरण

प्रारम्भिक बेरुजु रकम रु. ५९६९२०००

बाँकी बेरुजु रकम रु. १९३३८०००

असुल गर्नु पर्ने बेरुजु रकम रु. ११७६९०००

नियमित गर्नु पर्ने बेरुजु रकम रु. ७५६९०००

अनुसूचि-५

दफा १० को उपदफा १ सँग सम्बन्धित

### व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु | म | तेश्रो लिङ्ग | जम्मा | पु | म | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ४३ | ४९ | | ९२ | १८ | ९ | | २७ | ३ | ४३ | २ | ६ | ३ | १२ | | १७० |
| २ | २५ | २३ | | ४८ | २० | १३ | | ३३ | ३ | २५ | | | १ | ४ | | ११० |
| ३ | ५३ | ४८ | | १०१ | १९ | १० | | २९ | २ | ६६ | १ | ३ | २ | २ | | २०१ |
| ४ | २८ | ३२ | | ६० | १६ | ९ | | २५ | १ | ३६ | | | १ | ३ | | १२३ |
| ५ | ५० | ६६ | | ११६ | १७ | १७ | | ३४ | २ | ४१ | | | ८ | ३५ | | २०१ |
| ६ | ५६ | ५५ | | १११ | १५ | ८ | | २३ | ५ | ५७ | | | ११ | ३९ | | २०७ |
| ७ | ३६ | ३२ | | ६८ | ९ | ६ | | १५ | ६ | ५८ | २ | ११ | | | | १४९ |
| ८ | २१ | २० | | ४१ | ७ | ६ | | १३ | २ | २२ | २ | ९ | १ | ४ | | ८१ |
| ९ | ७० | ४८ | | ११८ | ११ | २० | | ३१ | ४ | ४६ | १ | ५ | ६ | २४ | | २०६ |
| १० | ४२ | ५२ | | ९४ | ८ | १३ | | २१ | २ | ५२ | ११ | ३९ | १० | ३५ | | १९० |
| ११ | ७६ | ६५ | | १४१ | १२ | ७ | | १९ | ५ | ५३ | ४ | १४ | ४ | १३ | | २२६ |
| १२ | ५६ | ६० | | ११६ | ५ | ३ | | ८ | ३ | ३२ | | | ११ | ६१ | | १७० |
| जम्मा | ५५६ | ५५० | ० | ११०६ | १५७ | १२१ | ० | २७८ | ३८ | ५३१ | २३ | ८७ | ५८ | २३२ | ० | २०३४ |

### सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्ने लाभग्राहिहरुको संख्यात्मक विवरण

जिल्ला : काभ्रेपलान्चोक गा.पा/न.पा. : रोशी आर्थिक वर्ष : २०७९/८०

| लक्षित समुह | | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौँथो त्रैमासिक | बार्षिक कायम संङ्ख्या | |
|---|---|---|---|---|---|---|---|

| | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | नयाँ थप संङ्ख्या (८) | लगत कट्टा (९) | जम्मा कायम संङ्ख्या (घ=ग+८-९) | पुरुष | महिला | अन्य | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | १८१९ | ३३८ | १२ | २१४५ | ३२ | १३ | २१६४ | २५ | २७ | २१६२ | ९७ | ४ | २२५५ | १०८१ | ११७४ | ० | २२५५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६६ | ८ | ० | ७४ | १ | १ | ७४ | १ | ० | ७५ | ४ | ० | ७९ | ५० | २९ | ० | ७९ |
| जेष्ठ नागरिक एकल महिला | २६१ | ५ | १ | २६५ | ३ | ० | २६८ | ७ | ० | २७५ | ४ | ० | २७९ | ० | २७९ | ० | २७९ |
| विधवा | ३८५ | १७ | १ | ४०१ | १४ | ० | ४१५ | ११ | ० | ४२६ | १२ | ० | ४३८ | ० | ४३८ | ० | ४३८ |
| पूर्ण अपाङ्गता भत्ता | १४७ | ८ | १ | १५४ | ० | ० | १५४ | २ | २ | १५४ | १ | ० | १५५ | ८४ | ७१ | ० | १५५ |
| अति अशक्त अपाङ्गता भत्ता | २१७ | ६ | ० | २२३ | ५ | ० | २२८ | ३ | १ | २३० | ५ | ० | २३५ | १४९ | ८६ | ० | २३५ |
| दलित बालबालिका | १४४ | ८ | ४ | १४८ | ७ | १३ | १४२ | १३ | ९ | १४६ | ४ | ७ | १४३ | ७० | ७३ | ० | १४३ |
| लोपन्मुख जाति | ७० | ० | ० | ७० | ० | ० | ७० | ० | ० | ७० | ० | ० | ७० | २८ | ४२ | ० | ७० |
| जम्मा | ३१०९ | ३९० | १९ | ३४८० | ६२ | २७ | ३५१५ | ६२ | ३९ | ३५३८ | १२७ | ११ | ३६५४ | १४६२ | २१९२ | ० | ३६५४ |

## आ.व २०७९/८० का उल्लेखनीय कार्यहरु:

### संस्थागत सुशासन:

- आ.व. २०७९/८० मा २ वटा ऐन, ६ वटा कार्यविधि, २ वटा मापदण्ड, २ वटा मापदण्ड, १ वटा निर्देशिका, १ शिक्षा नीति, १ गुरुयोजना र १ वटा रणनीति पारित गरि कार्यान्वयनमा ल्याईएको छ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्बेक्षण बमोजिम कर्मचारी पदपूर्तिको ब्यबस्था मिलाईएको।
- क्षमता विकास कार्यक्रम अन्तर्गत सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि ३ -३ दिनको क्षमता विकास तालिम संचालन गरीएको।
- नेपाल दूरसंचार प्राधिकरण र रोशी गाउँपालिकाको साझेदारीमा १२ वटै वडा कार्यालय, १५ वटा स्वास्थ्य संस्था र १६ वटा माध्यमिक विद्यालयहरुमा फाइबर ईन्टरनेटको पहुँच पुर्याईको छ।
- रोशी गाउँपालिकाको १२ वटै वडा कार्यालयहरुबाट २०८० जेठ १ गते देखि SUTRA बाट अनलाईन राजश्व संकलन गर्ने कार्यको थालनी गरिएको छ।
- गाउँपालिकाबाट हुने सबै भुक्तानीहरु EFT(Electronic Fund Transfer) प्रणाली मार्फत गर्ने गरिएको छ।

- शाखारहित बैंकिङ सेवा मार्फत वडा नं १,२,३,४,५,९,१०,११,१२ मा वडाकार्यालय बाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिएको छ।
- वित्तिय सुशासन कायम गरी गाउँपालिकालाई शुन्य बेरुजु बनाउने अभियान अन्तरगत सबै प्रकारका कामकारबाहीलाई जवाफदेही र पारदर्शी बनाईएको छ।
- कार्यालयबाट नियमित रुपमा सम्पादन गरिएका योजना तथा कार्यक्रम एवं नियमित सेवा प्रवाहको प्रभावकारीता मापनका लागि तेस्रो पक्षबाट सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गर्ने कार्य गरिएको।

## सामाजिक विकास:

- एक दिने निःशुल्क आँखा परिक्षण तथा उपचार शिविर तीन स्थान (खहरेपाँगु, कटुञ्जेबेशी र मंगलटार) मा संचालन गरिएको जस् अन्तर्गत १२३ जनाको निःशुल्क मोतिविन्दुको शल्यक्रिया गरिएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुमा मातृभाषा शिक्षा (तामाङ) सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम ४३ जनाको सहभागीतामा संचालन गरीएको।
- विद्यालयहरुमा संचालित विभिन्न परीक्षा, कार्यक्रम तथा योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण गरिएको।
- गाउँपालिका अन्तर्गत क्षेत्रगत रुपमा नियमित मासिक प्र.अ. बैठक संचालन भइरहेको।
- रोशी गाउँपालिका तथा अन्य पालिकाहरुकोगरी जम्मा २१ वटा क्लवको सहभागीतामा अन्तरपालिका स्तरीय रोशी कप फुटबल प्रतियोगिता सम्पन्न भएको।
- गाउँपलिका अन्तर्गतका ६९ विद्यालयहरुका विद्यार्थीहरुको सहभागीतामा तहगत रुपमा क्षेत्रगत अतिरिक्त क्रियाकलाप संचालन गरीएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित ११ वटा माध्यमिक विद्यालयहरुको सहभागीतामा २९ वटा विधामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको।
- रोशी गाउँपालिका अन्तर्गत संचालित विद्यालयमा रिक्त रहेको मावि तहको ३ जना, निम्नमाध्यमिक तहको ७ जना र प्राथमिक तहको ३१ जना स्थायी शिक्षकहरुलाई पदस्थापन गरिएको।
- गाउँपालिकाको शिक्षा नीतिको प्रारम्भिक मस्यौदा तयार भएको छ।
- गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत २७ जना शिक्षकहरुलाई पेशागत क्षमता विकासका लागि ७ दिने प्रविधिमैत्री (ICT) तालिम प्रदान गरिएको।
- विद्यालयहरुको संस्थागत विकास तथा शैक्षिक गुणस्तर सुधार गर्न ६९ सामुदायिक विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुको सहभागितामा गोष्ठी सञ्चालन गरी ६९ वटै विद्यालयका प्र.अ. र गाउँपालिका वीच कार्य सम्पादन करार गरिएको।
- गाउँपालिका अन्तर्गतका युवाहरुलाई लक्षित गरी ३७ जना युवाहरुलाई २ दिने सार्वजनिक सेवा तयारी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको।
- गाउँपालिका भित्रका ६९ वटै विद्यालयका आधारभुत (१-३) तहमा कार्यरत शिक्षकहरुलाई विद्यार्थी मूल्यांकन सम्बन्धी २ दिने प्रवोधिकरण कार्यक्रम सञ्चालन गरिएको।

- खेलकुदको माध्यमबाट युवाहरुमा समाजप्रति सकारात्मक सन्देश प्रवाह गर्दै भाइचाराको सम्बन्ध स्थापित गर्ने उद्देश्यले गाउँपालिका र International Karate Organization सँगको सहकार्यमा अन्तर वडा स्तरीय तेक्वान्दो प्रतियोगिता सञ्चालन भएको।
- नेपाल आदिवासी जनजाति पत्रकार महासँघको समन्वयमा जिल्लामा रहेका जनजाति पत्रकारहरुको क्षमता विकासका लागि सूचना, प्रविधि, संचार तथा पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गरिएको।
- ल्होच्छार लगायत जनजातिसँग सम्बन्धित चाडपर्वहरुको संरक्षण, सम्बर्द्धनका लागि स्थानीय क्लव तथा सामाजिक संघ/संस्थासँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिएको।
- मानव अधिकार प्रबर्द्धनका लागि एकल महिलाहरुको भूमिकालाई मूलप्रवाहीकरण गर्न ८३ जना एकल महिलाहरुलाई क्षमता विकास तालिम सञ्चानल गरिएको।
- Roshi Handicraft मार्फत रोशी गाउँपालिका क्षेत्रभित्रका ६० जना युवाहरुलाई स्थानीय सामाग्रीबाट मुढा, चकटी, म्याट फूल, टोपी तथा मोजा बनाउने तालिम सम्पन्न गरिएको।
- आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गरी मितव्ययीता कायम गर्ने उद्देश्यले गैरसरकारी संस्था महासंघ मार्फत कार्यपालिका सदस्यहरु र कर्मचारीहरुलाई २ दिने तालिम संचालन गरीएको।
- तामाङ जातिको बाहुल्यता भएकोले तामाङ भाषाको संरक्षण तथा प्रबर्द्धनका लागि सेलो फाउन्डेशनको सहकार्यमा ताम्बा डकुमेन्ट्री निर्माणको कार्य अन्तिम चरणमा रहेको।
- आय आर्जनसँग सम्बन्धित क्रियाकलाप मार्फत दलितहरुको आर्थिक उन्नतीमा टेवा पुर्याउने उद्देश्यले यस बर्ष वडा नं १, ७ र ११ गरी ३ वटा वडाका १२३ जना दलितहरुलाई उन्नत जातको बाख्रा तथा सिलाई मेशिन, सुधारिएको आरन वितरण गरिएको ।
- महिलाहरुको आङ खस्ने तथा पाठेघर मुखको क्यान्सर परिक्षण सम्बन्धी शिविर - रोशी ७ रोशी मा.वि. र रोशी १ रोशी अस्थाई अस्पातालमा सञ्चालन भएको जसमा ९४ जना महिलाले लाभ लिएको।(पाठेघर खस्ने समस्या भएको महिलाले रिङ लगाएको, पाठेघर मुखको क्यान्सर देखिएको लाई मनोपरामर्श दिई थप उपचारको लागि अन्य अस्पताल पठाईएको, परामर्शको आवश्यक परेको महिलाहरुलाई परामर्श दिईएको)

**आर्थिक विकास:**

- वडा नं. १ देखि १२ सम्म प्रत्येक वडामा एक दिने "श्रमको सम्मान, राष्ट्रको अभियान" बारे अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी ४०० जना लाभान्वित भएको।
- EMIS मा आगामी आ.व. को लागि जम्मा ९९० जना बेरोजगार व्यक्तिको आवेदन दर्ता गरिएको।
- चालु आ.व. मा काम गर्ने गरी सुचिकृत बेरोजगार – ५३९ जना
- जम्मा रोजगारीमा संलग्न बेरोजगार – ८२ जना
- गाउँपालिकाको सबै वडाका विपन्नवर्ग, पिछडीएकाजाति, एकल महिला तथा भूमिहिन १४०० जना कृषकहरुको पोषण तथा खाद्य सुरक्षाका लागि बिभिन्न तरकारीका १४०० पाकेट मिनीकीट वितरण गरिएको।
- कृषकहरुको चाहना र आवश्यकता अनुसार प्रत्येक वडाबाट २ जनाको दरले २४ जनाको उपस्थितीमा माहुरी पालन कृषक तालिम सम्पन्न गरिएको।
- वडानं.८, ९, १०, ११ र १२ वडामा गणकहरुबाट किसान सूचीकरण कार्यशुरु भएको र हालसम्म २७५ जनाको तथ्याङ्क संकलन भएको।

- कृषि तथा जडीबुटी खेति प्रबर्द्धनका लागि ४ जना कृषकलाई कुरिलो खेति गर्न अनुदान सहयोग प्रदान गरीएको ।
- जैबिक तरकारी उत्पादन कार्यक्रम अन्तर्गत भकारो सुधार तथा मुत्र संकलन गर्न २६ जना कृषकलाई तालिम तथा ४ जना कृषक लाई भकारो सुधार गरी जैविक तरकारी उत्पादनमा अनुदान सहयोग वितरण गरिएको ।
- फलफूल बगैचा प्रवर्द्धन कार्यक्रम (ड्राइगनफ्रुट, किवि, कागती, एभोकार्डो) बारे २० जना कृषकलाई तालिम तथा ४ जनालाई अनुदान सहयोग गरिएको ।
- साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम तरकारी पकेट निरन्तरतामा ९६ जना कृषक तथा नयाँ तरकारी पकेटमा ९० जना कृषकलाई सिप विकास तथा अनुदान सहयोग वितरण ।
- ४७३ जना कृषकहरुलाई आधुनिक तरकारी तथा फलफूल खेतीका प्रविधिहरु सम्बन्धि तालिम प्रदान गरिएको ।
- ४ वटा कृषि सहकारी/ समूहलाई ६ वटा मिनीट्रेलर , ८ वटा कृषि सहकारी/समूह/फार्मलाई ८ वटा मकै छोडाउने मेशिन ५०% अनुदानमा वितरण गरीएको ।
- ३४ जना कृषकहरुलाई विभिन्न कृषि फर्म तथा अनुशन्धान केन्द्रहरुमा नविनतक कृषि प्रविधिहरुको अवलोकन तथा अध्ययन गरी कृषक समूह क्षमता अभिबृद्धि कार्यक्रम (तालिम तथा भ्रमण )संचालन गरीएको।
- १४० रोपनी जग्गामा उन्नत (रामपुर कम्पोजिट) जातको मकै बीउ उत्पादन कार्यक्रममा २८ जना कृषकलाई तालिम तथा बीउ अनुदान दिईएको ।
- १० जना नयाँ कृषि ब्यवसाय कृषक गरी जम्मा ४४ जना कृषकलाई विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि बाट रु. ६३,५०,०००।- ब्याज अनुदानको लागि सिफारीस गरिएको ।
- १६ वटा मल विक्रेता सहकारीबाट (कृषि सामाग्री कम्पनी २४७७ वोरा युरीया र ६६० बोरा डिएपी तथा साल्ट ट्रेडिङ कर्पोरेशनबाट १००० बोरा युरीया र ४०० बोरा डिएपी) ३५७७ बोरा युरीया १०६० बोरा डीएपी रासायनिक मल वितरणको लागि सहजिकरण गरीएको ।

- १४७ वटा कृषि फार्म सूचीकरण तथा ११वटा कृषि समूह दर्ता गरी कृषि प्रसारको पद्धती अनुशरण गरिएको । सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रममा ७४ जना सहभागिहरुको घरधुरी सर्वेक्षण फारम भरिएको ।
- वडा नं. ४, ५ र १० का ६८ जना सहभागिहरुलाई उद्यमशिलता विकास तालिम सञ्चालन गरिएको ।
- नयाँ लघुउद्यमी सृजना तर्फ नाङशाल एशोसियशन नेपालको सहजिकरणमा २१ जना सहभागिहरुलाई वडा नं. १० मा वेसिक सिलाई कटाई तालिम तथा ६ जनालाई तरकारी सम्बन्धी सिप विकास तालिम र वडा नं. ४ र ५ का ३९ जनालाई कृषि तथा पशुपालन सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- वडा नं. ७ का ७ जना लघु उद्यमीहरुलाई २ महिने एडभान्स व्युटिपार्लर तालिम सञ्चालन गरिएको ।
- गाउँपालिकाभित्रका १५ जना महिलाहरुलाई बुटिक सम्बन्धी २ महिने एडभान्स तालिम संचालन गरीएको ।
- गाउँपालिका भित्र भएका गाई, भैंसी, बाख्रा, कुकुर, सुँगुर लगायत १७५७८ पशुहरुलाई उपचार सेवा प्रदान गरिएको ।
- गाउँपालिका भित्रका ४२६४३ पशुहरुमा लाग्ने चर्चरे, भ्यागुते, खोरेत तथा पि पि आर रोग विरुद्धको खोप लगाईएको ।
- नाम्ले जुका लगायतका परजिवी नियन्त्रणका लागि गाउँपालिका भित्रका १३४७९ पशुहरुलाई औषधी खुवाईएको ।
- पशु आहारका लागि २५०० किलो घाँसको विउ वितरण गरिएको ।
- कुकुरको अनियन्त्रित बृद्धि न्यूनिकरणका लागि ५२ वटा कुकुरको बन्ध्याकरण गरिएको र ६४३ कुकुर विरालोलाई रेविज रोग विरुद्धको खोप लगाईएको ।

- ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत बाख्रा (पकेट कार्यक्रम) रोशी १० मा १५ वटा बाख्राको खोर ७ वटा च्याप कटर, ३ वटा दाना पिस्ने मेशिन, १० वटा कुँडो पकाउने डेक्ची वितरण गरिएको।
- ५० प्रतिशत अनुदानमा रोशी ९ मा बाख्रा प्रबर्द्धन कार्यक्रम अन्तर्गत ३ वटा नमुना बाख्रा खोर निर्माण गरिएको।
- सबै माध्यमिक विद्यालयहरुमा रेविज तथा जुनोटिक्स रोग सम्बन्धी जनचेतना मूलक १ दिने कक्षा सञ्चालन गरिएको।
- रोशी ९ मंगलटारमा २ जना पशु प्राविधिक सहित पशु क्वारेन्टाइन सेवा निरन्तर सञ्चालन भएको।
- पशुहरुको नश्ल सुधारका लागि ४४० गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको।
- गाउँपालिका क्षेत्रभित्र रहेका ४१३४ अनुत्पादक बोकाहरुलाई बन्ध्याकरण गरिएको।
- भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र गाउँपालिकाको साझेदारीमा रोशी - ६ मा १ दिने पशु स्वास्थ्य सिविर सञ्चालन गरिएको।
- किसानहरुको आयस्तर बृद्धि गर्ने उद्देश्यले गाउँपालिका भित्रका ३६ जना किसान तथा कर्मचारी, जनप्रतिनिधिहरुलाई ४ दिने अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिएको।

## पूर्वाधार विकास:

- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको डम्फु जिवन्त संग्रहालयको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- रोशी गाउँपालिका र केन्द्र सरकारको समपुरक आयोजना अन्तर्गत चौकीडाँडा खहरेपाँगु सडकको ५०० मिटर बाटो कालोपत्रे गर्ने कार्य सम्पन्न भएको र ३ कि.मि बाटो स्तरउन्नती गरीएको छ।
  - भौतिक प्रगति: १००%
  - वित्तिय प्रगति: ९८%
- बि.पि राजमार्ग देखि गाउँपालिका प्रशासकीय भवनसम्मको ४१० मिटर बाटो कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।
  - भौतिक प्रगति: १००%
  - वित्तिय प्रगति: १००%
- गाउँपालिकाको प्रशासकीय भवन आगामी आ.ब भित्र सम्पन्न हुने गरी द्रुत गतिमा निर्माण कार्य भईरहेको छ।

  भौतिक प्रगति: ६५%

  वित्तिय प्रगति: ६०%
- गाउँपालिका स्तरीय औद्योगीक ग्रामको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भएको तथा सो स्थानमा उद्योग ब्यबसाय संचालन गर्न आवश्य प्रक्रिया अगाडि बढाईएको।
- रोशी गाउँपालिकाको पर्यटकीय गन्तब्यको रुपमा रहेको तीन धारे झरना संरक्षण र पहुँच मार्गको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
  - भौतिक प्रगति: ६०%
  - वित्तिय प्रगति: ४९%
- गाउँपालिका स्तरीय १० शैया अस्पताल निर्माणको कार्य अन्तिम चरणमा रहेको।




- भौतिक प्रगति: ६५%
- वित्तिय प्रगति: ४९%

- रोशी गाउँपालिका र प्रदेश सरकारको समपुरक आयोजना अन्तर्गत देहायका आयोजनाहरु संचालित रहेका छन् :
  - बरपिपल किम्बे मस्राङ्गी सडक
    सम्झौता रकम: १,२३,१६,०६६.६१
    वित्तिय प्रगति: ९८%
    भौतिक प्रगति: ९८%
  - पोटादोभान सिपाली बनखु सडक
    सम्झौता रकम: ९७,५६,९३४.७४
    वित्तिय प्रगति: ९७.३३%
    भौतिक प्रगति: ९७.३३%
  - माम्ति हर्कपुर घ्याङडाँडा अन्तरपालिका सडक
    सम्झौता रकम: ९८,४६,११७.९३
    वित्तिय प्रगति: ९६%
    भौतिक प्रगति: ९७%
- प्रदेश सरकारबाट विनियोजित विशेष अनुदानको रुपमा संचालित योजना
  - सनिखोला लिफ्ट खानेपानी आयोजना
    सम्झौता रकम: ६०,२९,५४१.२३
    भौतिक प्रगति: १०%

**वन वातावरण तथा विपद् व्यवस्थापन:**

- गाउँपालिका भित्र विपदमा परेका जनताहरुलाई नगद तथा जिन्सी सामाग्री राहत स्वरुप वितरण गरीएको र उद्धार कार्य गरिएको।
- विपद प्रतिकार्यको लागि गाउँपालिकामा न्युनतम सामाग्रीहरु मौज्दात राखिएको छ।
- विपद ब्यबस्थापनको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी अगाडी बढीएको छ।
- आपतकालिन रुपमा आउनसक्ने विपद् ब्यबस्थापनको लागि गाउँपालिकामा विपद् ब्यबस्थापन कोषको ब्यबस्था गरिएको छ।

**न्याय सम्पादनः**

- आ. व. ०७९/०८० को उजुरी दर्ता संख्या - १६, मिलापत्र संख्या - ११, फैसला संख्या - ० तथा उजुरी फर्छौट संख्या - १४ रहेको छ।
- न्यायीक समितिको बैठक संख्या - २१ रहेको छ।
- ३३ जना मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि आधारभुत तालिम र ४० जना मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि पुनःताजकी तालिम संचालन गरीएको छ।
- वडा नं ४ मा मेलमिलाप सम्बन्धि जनचेतनामुलक कार्यक्रम सम्पन्न गरीयो।

- गाउँपालिकामा १२ वटा मेलमिलाप केन्द्र, ५५ जना मेलमिलापकर्ताहरु भएको ।

**समस्या तथा चुनौतीहरु:**

- समानिकरण अनुदानमा कटौति भई भुक्तानीमा कठीनाई भएको ।
- नागरीकको असिमित आवश्यक्ता र अपेक्षा पुरा गर्न पर्याप्त स्रोत साधनको अभाव रहेको ।
- पालिकाको अधिकांश भूगोल (करिब ६५%) भिरालो तथा जटील भू-धरातलको कारण पूर्वाधार विकास अपेक्षाकृत रुपमा हुन नसकेको ।
- ज्याला मात्रैको प्रावधानको कारण उत्पादनशील रोजगारी र उपयोगी पूर्वाधारको विषय गौण बनेको ।
- कृषकले उत्पादन गरेका कृषि उपजहरुको बजार व्यवस्थापनमा समस्या ।
- गाउँ बस्तीमा युवा पुस्ता पलायन हुने क्रम नरोकिनु ।
- भौगोलिक जटिलतालाई अवसरको रुपमा लिन नसक्नु ।
- गाउँपालिकामा न्यून जनशक्ति तथा गाउँपालिकाको भौगोलिक बनावटका कारण नियमित रुपमा अनुगमन तथा नियमनमा समस्या रहेको ।
- संघीय सशर्त अनुदानका कार्यक्रमहरुको निकासा समयमा नै पर्याप्त नहुनाले निकासा गर्न कठिन भएको
- Emis लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई शिक्षक तथा कर्मचारीको तलबभत्ता Software मा समावेश गरी कार्यान्वयनमा ल्याउन नसकिएको ।
- दैनिक निर्वाध रुपमा ट्रिपर चल्ने व्यवस्था नभएको कारण गाउँपालिकाको आन्तरिक श्रोतको रुपमा रहेको ढुङ्गा गिट्टी निकासी गर्न समस्या भएको ।
- NTC, Ncell लगायतका दूरसञ्चार टावरको समस्याले फोन नलाग्ने भई सम्पर्कमा समस्या हुने गरेको ।
- बोधिचित्त माला व्यवसाय पूर्ण रुपमा व्यवस्थित गर्न नसकेको ।